गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक विकास कार्यालय

पर्वत, नेपाल

सूचना नं: ९३

## प्रस्ताव आव्हान सम्वन्धी सूचना ।

दोश्रो पटक प्रकाशित मितिः २०८१।१०।०४

यस कार्यालयको चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराको मिति २०८१।०४।३० गते (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत भएको सामाजिक विकास कार्यालयबाट सञ्चालन हुने महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८१ बमोजिमका तपसिलका कार्यक्रमहरु सञ्चालन गर्नको लागि मिति २०८१।१०।१८ गतेसम्म रीतपुर्वक तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको website: sdoparbat.gandaki.gov.np मा हेर्नुहुन, कार्यालयको सूचना अधिकारीको सम्पर्क नं ९८५७६२६५४९ मा सम्पर्क गर्न वा कार्यालयमा आई जानाकारी लिन समेत अनुरोध छ ।

तपसिल

| सि. नं | कार्यक्रम/क्रियाकलाप | प्रस्ताव पेश गर्ने निकाय | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १. | द्वन्द्व पिडित, वेपत्ता, घाइते , अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम | सामाजिक विकास कार्यालय, पर्वत | • अनसुची १२ बमोजिमको ढांचामा भरिएको व्यवसायिक योजनाको निवेदन,<br>• लक्षित वर्गको परिचय खुल्ने कागजात ,(जिल्लाभित्र रहेका द्वन्द पिडित, वेपत्ता, घाइते अपाङ्ग, सहिद परिवार र विपन्न व्यक्तिहरु)<br>• स्थानीय तहको सिफारिस सहित अन्य कागजातहरु,<br>• (वीउ पूँजी/प्रविधि हस्तान्तरणको लागि प्रति व्यक्ति बढीमा रु एक लाख सम्म उपलब्ध गराउन सकिने) |

पुनश्चः स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड ,२०८१ को अनुसुची -१३ बमोजिमको ढाँचामा द्वन्द्व पिडित, वेपत्ता, घाइते , अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम को प्रस्ताव मूल्यांकन गरिनेछ ।

२०८१।१०।०४

गोविन्द प्रसाद पौडेल

कार्यालय प्रमुख

CamScanner